नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार काठमाण्डौ

(सुशासन प्रवर्द्धन शाखा)

फोन :४२००३०९
:४२००२८१
फ्याक्स :४२००३२२

पत्र संख्या:–सुशा./०७२/०७३
चलानी नं.- ९६२

मिति: २०७२।०८।०३

**विषय:– निर्देशन सम्वन्धमा ।**

श्री जिल्ला विकास समिति कार्यालयहरु, सबै ।
श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका कार्यालयहरु, सबै ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखराको प.सं. ३-२/स्था/११/०७२-०७३ च.नं. ९६१ मिति २०७२।०७।११ को पत्रबाट जिल्ला विकास समिति बाग्लुङले २० बर्ष भन्दा बढी सेवा गरी निबृत कर्मचारीलाई १२ औ परिषद्को निर्णयानुसार २० ग्राम सुनको लोगो अंकित पदक र १४ औ परिषद्बाट १ तोलाको सुनको पदक र कदरपत्र दिई सम्मान गर्ने विषयमा दिन मिल्ने/नमिल्ने विषयमा रायप्रतिक्रिया माग भै आएको सम्वन्धमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५०(३) अनुसार "स्थानीय निकायले आफ्नो श्रोत साधन र प्रशासनिक बजेटको परिधिभित्र रही आफ्ना कर्मचारीहरुलाई स्थानीय भत्ता एवं अन्य थप सुविधा दिन सक्ने" व्यवस्था भएको ।

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम (५५) मा "जिल्ला विकास समितिको लागि प्रशासनिक खर्चको हद तोकिएको छ। जसमा आन्तरिक आम्दानी (कर शुल्क दस्तुर भाडा) बाट प्राप्त रकमको अधिकतम ६०% देखि २५% सम्म" तोकिएको ।

त्यस्तै स्थानीय स्थानीय स्वाय शासन ऐन, २०५५ को दफा २२२(७) र २२८ ले "प्रशासनिक खर्चको हद भनी नेपाल सरकारले किटान गरी खर्च गर्न स्वीकृति दिएमा बाहेक नेपाल सरकारले दिएको अनुदान रकम तोकिए बमोजिम प्रतिशत भन्दा बढी प्रशासनिक काममा खर्च गर्न नपाइने" व्यवस्था रहेको ।
स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२२(५) ले "कोषको रकम खर्च गर्दा जिल्ला परिषद्ले पारित गरेको बजेटको अधिनमा रही प्रचलित कानून बमोजिम खर्च गर्नु पर्ने" भन्ने व्यवस्था भएको ।

"स्थानीय निकायहरुले सम्पादन गर्ने कार्य र वित्तीय श्रोतको परिचालन गर्दा आर्थिक मितव्यिता अपनाउनुपर्ने" स्थानीय श्रोत परिचालन कार्यविधि, २०६९ मा व्यवस्था रहेको ।

उपरोक्त कानूनी व्यवस्था अनुसार जि.वि.स.को कार्यालय बाग्लुङले कर्मचारीलाई सेवा गरेवापत २० ग्राम बरावरको सुनको पदक प्रदान गर्ने सम्वन्धी निर्णय कार्यान्वयनको सन्दर्भमा प्रचलित कानून, जि.वि.स. को आन्तरिक स्रोतको अवस्था, स्रोत व्यवस्थापनको आधार तथा पदक प्रदान गर्दा अपनाइने पर्याप्त आधारहरु समेत स्पष्ट नगरी प्रदान गर्ने गरेको देखिएको र यस्ता पद्दति अन्य स्थानीय निकायहरुमा समेत स्थापित गरिएमा सेवा प्रवाहमा उल्लेखनीय सुधार तर्फ उचित ध्यान नदिएपनि राज्यले सुविधाका नाममा मात्र ठूलो रकम व्यहोर्नुपर्ने/दायित्व बढ्न सक्ने हुदाँ यस्ता किसिमका दीर्घकालिन आर्थिक दायित्व बढाउने किसीमका निर्णयहरु नगर्न, नगराउन नेपाल सरकार (सचिवस्तर) को मिति २०७२।७।२९ को निर्णय भएको व्यहोरा अनुरोध छ ।

(राम बन्धु शर्मा)
शाखा अधिकृत